नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

३ माघ, २०७८

# प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले अनुदानबाट प्राप्त गरेका र खरिद गरेका खोपहरूमध्ये २४ लाख खोप हराएको तथ्य ढाकछोप गर्न सरकारका तर्फबाट प्रयासहरू भइरहेका छन् । यसै सन्दर्भमा स्वास्थ्यमन्त्री विरोध खतिवडाले हालै 'सगरमाथा' टेलिभिजनमा 'खोपहरू नहराएको' दावी गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका बेलामा आफू स्वयम्ले कोभिडविरूद्धको पहिलो खोप पाँच हजार रूपियाँमा 'किनेर लगाएको' भनी दिएको अभिव्यक्तिप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

'खोप किनेर लगाएको' भन्ने स्वास्थ्यमन्त्री खतिवडाको उक्त भनाइ सरासर झुटो र अफवाहपूर्ण छ । सिभिल अस्पताल, बानेश्वरमा उहाँले पहिलो मात्रा खोप २०७७ फागुन १९ गते लगाएको अभिलेख सुरक्षित छ । तत्कालीन सरकारले ०७७ फागुन १९ देखि २१ सम्म संघीय संसद्का सदस्यहरूलाई सिभिल अस्पतालमा नि:शुल्क खोप उपलब्ध गराएको बेला सिभिल अस्पतालको रजिष्टर 'ख' मा क्र.सं. ४८ मा दर्ता गरेर खोप लगाउनुका साथै हस्ताक्षरसमेत गर्नुभएको छ । उक्त अभिलेखमा ६२ बर्षका खतिवडाले Batch no. 4120 Z 004 को कोभिसिल्ड खोप लगाएको स्पष्ट छ ।

सांसदहरूका लागि सरकारले दोस्रो डोज संसद् भवन, बानेश्वरमा र तेस्रो डोज सीसीएमसी कार्यालय परिसरमा व्यवस्था गरेको कुरा सबैलाई विदितै छ ।

उपरोक्त तथ्यबाट स्पष्ट हुन्छ- स्वास्थ्यमन्त्री खतिवडाले पूर्ववर्ती सरकारलाई बद्नाम गर्नकै लागि आम जनसमुदायलाई गलत सूचना दिई कोभिडजस्तो संवेदनशील विषयमा अफवाह सिर्जना गर्नुभएको छ । लक्षित वर्गले नि:शुल्क खोप प्राप्त गर्ने खोप ऐन, २०७२ र खोप नियमावली, २०७४ को सामान्य ख्यालसमेत नगरी स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्रीबाट यस्तो गैरजिम्मेवार अभिव्यक्ति आउनु निन्दनीय र आपत्तिजनक छ ।

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office


कोभिड-१९ सम्बन्धी विभिन्न समयमा सरकारले जारी गरेका निर्देशिकाहरूले खोपको कालोबजारी, बिक्री-वितरण र दुरूपयोग गर्नुलाई गम्भीर अपराधका रूपमा उल्लेख गरेको छ । मन्त्री खतिवडाले खोप ऐन र कोभिड निर्देशिकामा उल्लेख भएका प्रावधानविपरीत गम्भीर अपराध गर्नुका साथै गलत सूचना सम्प्रेषण गर्ने र अफवाह सिर्जना गर्ने काम गरेर कोरोना जस्तो संवेदनशील विषयमा अत्यन्तै गैरजिम्मेवार व्यवहार प्रदर्शन गर्नुभएको छ ।

आमजनता कोभिड-१९ बाट आक्रान्त भइरहेको बेलामा मन्त्रीले दिएको उक्त अभिव्यक्तिको हामी निन्दा र भर्त्सना गर्दछौं । यति झुट बोल्ने व्यक्ति नैतिक रूपमा मन्त्री पदमा बसिरहन अनुचित हुने भएकाले तत्काल राजीनामा गर्न हाम्रो पार्टी माग गर्दछ । साथै, आफ्ना मन्त्रीको यस्तो गैरजिम्मेवार अभिव्यक्ति र व्यवहारप्रति संवेदनशील हुँदै उहाँलाई मन्त्री पदबाट बर्खास्त गर्न प्रधानमन्त्रीको गम्भीर ध्यानाकर्षण गराउँछौं ।

योगेश भट्टराई
प्रमुख, स्वास्थ्य तथा जनसंख्या विभाग


थापाथली, काठमाडौं, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, फ्याक्स: +९७७ १ ४०१५९८०, पो.ब.नं.: ५४७१, ईमेल : office@cpnuml.org, वेबपेज: www
Thapathali, Kathmandu, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, Fax: +977 1 4015980, PO Box No. 5471, Email: office@cpnuml.org, Website: www